"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

**पत्र संख्याः २०७८/०७९**
**चलानी नः** ४०८६

मितिः २०७८/०९/१८

**विषयः निबन्ध प्रतियोगिता सम्बन्धमा।**

श्री सबै माध्यमिक विद्यालयहरु,
महालक्ष्मी नगरपालिका, ललितपुर।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडा मकवानपुरको च.न. १६८९/१५३९४ मिति २०७८/०९/१४ को प्राप्त पत्रानुसार आयोगको एकतीसौ दिवस (२०७८ माघ २८) को अवसरमा आयोजना हुने माध्यमिक विद्यालय स्तरीय निबन्ध प्रतियोगितामा सहभागिताका लागि सबै माध्यमिक विद्यालयहरुलाई अनिवार्य जानकारी गराउनका लागि लेखि आएको हुँदा आयोगको निबन्ध प्रतियोगिता सम्बन्धि सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**बोधार्थः**
श्री जिल्ला समन्वय समिति, ललितपुर।

चिरञ्जीवी पौडेल
प्रमुख शिक्षा अधिकृत

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

हेटौंडा, मकवानपुर

पत्र संख्या :- प्रशासन
चलानी नं. :- १६८८/15394

मिति २०७८।०९।१४

विषय : जानकारी गराईदिने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति,
रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट,
सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाडौं, भक्तपुर र ललितपुर ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतीसौ स्थापना दिवस (२०७८ माघ २८) को उपलक्ष्यमा आयोजना हुने माध्यामिक विद्यालय स्तरीय निवन्ध प्रतियोगिताको सूचना यसैसाथ संलग्न छ । संलग्न सूचना तहाँ जिल्लामा रहेका सम्पूर्ण स्थानीय तहहरु मार्फत जिल्ला भरका माध्यामिक विद्यालयहरुमा अनिवार्य जानकारी गराउने व्यवस्थाका लागि आवश्यक समन्वय/सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७८।०९।१४

(नर बहादुर आले मगर)
शाखा अधिकृत

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,

## हेटौंडा मकवानपुर

## निवन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतीसौं स्थापना दिवस-२०७८ (२०७८ माघ २८)को उपलक्ष्यमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताको लागि आव्हान गरिएको छ ।

१. निवन्धको शीर्षकः- निवन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ ।

२. विद्यार्थी सहभागी हुन पाउने जिल्लाहरुः-रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाडौं, भक्तपुर र ललितपुर ।

३. प्रतियोगिताका सहभागीः- माथि उल्लेखित १४ वटा जिल्लाका कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरु ।

४. निबन्धको शब्द सीमाः- निबन्ध कम्तिमा २००० देखि बढीमा ३००० शब्दमा लेखिएको हुनुपर्नेछ ।

५. निबन्धको भाषाः- निबन्ध नेपाली भाषामा लेखिएको हुनुपर्नेछ ।

६. प्रतियोगितामा सहभागी हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क फोन नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको कार्यालयलाई, हेटौंडालाई सम्बोधन गरी लेखिएको सिफारिस पत्र समेत संलग्न राखी यस कार्यालयमा पठाउनुपर्ने वा इमेल गर्नुपर्नेछ।

७. निबन्ध उपलब्ध गराउने ठेगाना र सम्पर्क नम्बरः-
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुर ।
इमेल ठेगानाः ciaamro@gmail.com, सम्पर्क नम्बरः ०५७-५२१७४४, ०५७-५२१६५५ वा शाखा अधिकृत, श्री नर वहादुर आलेमगर -९८४३९३०३९८

८. निबन्ध पठाउने अन्तिम मितिः- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीहरुले आफूले लेखेको निबन्ध मिति २०७८ साल पुस ३० गतेसम्म माथि उल्लिखित ठेगानामा आइपुग्ने गरी पठाउन/ इमेल गर्नुपर्नेछ

९. पुरस्कारः प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीलाई देहायबमोजिम नगद पुरस्कार प्रदान गरिनेछ ।

| | |
|---|---|
| क) प्रथमः रु १२,०००।- (बाह्र हजार) | १ जनालाई |
| ख) द्वितीयः रु.९,०००।- ( नौ हजार) | १ जनालाई |
| ग) तृतीयः रु.७,५००।- (सात हजार पाँच सय) | १ जनालाई |
| घ) सान्त्वना- रु.५,०००।- (पाँच हजार) | २ जनालाई |

यो सूचना सम्बन्धि विस्तृत जानकारीको लागि आयोगको वेबसाइट www.ciaa.gov.np मा हेर्न सकिनेछ । प्रथम भएका विद्यार्थी अख्तियार दुरुपयोग अनुसन्धान आयोग,टंगाल काठमाडौमा मिति २०७८/१०/२६गते संचालन हुने राष्ट्रव्यापी निबन्ध लेखन प्रतियोगितामा विद्यार्थी स्वयं उपस्थित भई सहभागी हुनुपर्नेछ। उक्त निवन्ध लेखन प्रतियोगिताको शिर्षक पछि उपलव्ध गराईनेछ। निवन्ध लेखनको समय ३घण्टाको हुनेछ।